# लोक सेवा आयोग

नेपाल न्याय सेवा, न्याय समूह, राजपत्राङ्कित द्वितीय श्रेणी,
उपसचिव वा सो सरह (अप्राविधिक) पदको आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षा

२०७४-११-२०

समय :- ३ घण्टा पूर्णाङ्क :- १००

## पत्र :- द्वितीय
## विषय :- सेवा सम्वन्धी

**तलका प्रश्नहरूको उत्तर बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ, अन्यथा उत्तरपुस्तिका रद्द हुनेछ ।**

१. नेपालको संवैधानिक विकासको क्रममा शक्तिको सन्तुलन र नियन्त्रणका सम्वन्धमा नेपालको संविधानले गरेका मूलभूत व्यवस्थाहरूको विवेचना गर्दै यसको प्रभावकारिताका सम्वन्धमा तर्कपूर्ण जवाफ दिनुहोस् । १५

२. नेपालमा न्यायपालिकाको क्षेत्रमा हुने भ्रष्टाचार नियन्त्रण गर्ने सम्वन्धमा भएका कानूनी व्यवस्थाबारे स्पष्ट गर्दै यस क्षेत्रमा हुने भ्रष्टाचार रोक्न थप के गर्नुपर्ला? कार्यान्वयन योग्य सुझाव दिनुहोस् । १५

३. मुद्दाहरूमा संक्षिप्त कार्यविधि अपनाई चाँडो किनारा गर्ने व्यवस्थाका लागि संक्षिप्त कार्यविधि ऐन, २०२८ जारी भएको पाइन्छ । तर यो ऐनको उद्देश्य अनुरूप मुद्दाहरूको छिटो छरितो किनारा हुन सकेको देखिँदैन । यसका कारणहरूको पहिचान गरी यो ऐनको प्रभावकारिता वृद्धिका लागि आफ्नो सुझाव प्रस्तुत गर्नुहोस् । १५

४. करारीय एवं व्यापारिक कारोबारका विवाद छिटो छरितो रूपमा निराकरण गर्ने उद्देश्यले मध्यस्थता ऐन, २०५५ ले मध्यस्थ सम्वन्धी व्यवस्था गरे पनि मध्यस्थद्वारा विवादको निराकरण गर्न वर्षौंसम्म लाग्ने र निर्णयको कार्यान्वयन समेत समयमा हुन नसकेको भन्ने बराबर गुनासो सुनिने गरेको छ । उक्त ऐनले गरेको मध्यस्थकर्ताको नियुक्ति एवं विवादको सुनुवाई प्रकृयाबारे उल्लेख गर्दै मध्यस्थको निर्णय (Award) लाई छिटो छरितो बनाउन के कस्तो सुधारको आवश्यक ठान्नुहुन्छ? सुझाव प्रस्तुत गर्नुहोस् । १५

५. सुपूर्दगीको अवधारणा स्पष्ट पार्दै सुपूर्दगी गर्नुपूर्व गरिने जाँचबुझ प्रकृयाको विश्लेषण गरी के कस्ता अवस्थामा सुपूर्दगी गर्न इन्कार गर्न सकिन्छ? सुपुर्दगी ऐन, २०७० का आधारमा चर्चा गर्नुहोस् । १५

६. सर्वोच्च अदालतमा प्रत्येक वर्ष मुद्दाको कार्यबोझ बढिरहेको छ । विगत केही वर्षको तथ्याङ्कलाई तुलनात्मक रूपमा अध्ययन गर्दा फछ्यौंट दरमा पनि केही बृद्धि भएको देखिएको छ । जस्तो आ.व. ०६९।७० मा सर्वोच्च अदालतको जम्मा मुद्दा फछ्यौंट संख्या ४,३६० रहेकोमा आ.व. ०७३।७४ मा आउँदा यो फछ्यौंट संख्या ११,३२१ पुगेको पाइन्छ । यो स्थितिलाई हेर्दा मुद्दाको फछ्यौंटमा करिव तीन गुणाले बृद्धि भएको देखिन आउँछ । तर नयाँ मुद्दाहरूको दर्ता संख्या पनि आ.व. ०६९।७० मा ८,०९७ रहेकोमा आ.व. ०७३।७४ मा ११,८३५ पुगेको देखिएको छ । सामान्य हिसाबले हेर्दा फछ्यौंट दरमा भएको बृद्धिको अनुपात नयाँ दर्ता हुने मुद्दा संख्याको अनुपात भन्दा बढीरहेको जस्तो देखिएको छ । जसले गर्दा केही वर्षभित्र मुद्दाको कार्यबोझ क्रमशः घट्ने अनुमान गर्नुपर्ने हुन्छ तर अनुभवबाट यो कुरा प्रमाणित भइरहेको छैन । आ.व. ०६९।७० मा १२,७१४ मुद्दाहरू अघिल्लो आ.व.बाट बाँकी रही जिम्मेवारी सरी आएकोमा आ.व. ०७३।७४ मा २३,९४४ मुद्दाहरू जिम्मेवारी सरेको देखिन्छ । फछ्यौंटको दरलाई हेर्दा पछिल्ला केही वर्षहरूमा बढेको स्थिति नदेखिइ करिब उस्तै अंकमा स्थिर रहेको देखिएको छ भने नयाँ मुद्दा दर्ताको दरलाई हेर्दा हरेक वर्ष बढ्दै गइरहेको देखिन्छ । नयाँ मुद्दा दर्ता र फछ्यौंटको दर यही रहेमा ५ वर्ष पछि सर्वोच्च अदालतमा मुद्दाको जम्मा लगत ४७,५४५ पुग्ने र उक्त वर्ष करिब ११,८८० मुद्दा फछ्यौंट भई लगभग ३५,६६५ मुद्दाहरू बाँकी रहने स्थिति देखिन्छ । ३५,६६५ मुद्दाहरू बाँकी रहनु भनेको नयाँ मुद्दाहरू एउटा मात्र नपर्दा पनि ती मुद्दाहरूमात्र फछ्यौंट गर्न पनि अहिलेको क्षमतामा ३ वर्ष लाग्ने देखिन्छ । अहिले नै

क्रमशः

( २ )

कतिपय मुद्दाहरू १० वर्ष भन्दा पुराना रहेको पाइएको छ । न्यायाधीशहरूको दरबन्दी बढाउन संविधानमै संशोधन गर्नुपर्ने भएको कारण त्यति सहज देखिदैन । भौतिक पूर्वाधारको अभावको कारणले पनि यो विकल्प त्यति व्यवहारिक देखिँदैन । तर मुद्दा फछ्र्यौटको दरलाई नबढाउने हो र आयुलाई नघटाउने हो भने सर्वोच्च अदालतको कार्यसम्पादन प्रणालीमै गम्भीर प्रश्न उठ्ने, न्यायिक कार्यप्रणाली प्रति नै वितृष्णा जाग्ने र न्यायपालिकाको महत्वपूर्ण निधिको रूपमा रहेको यसप्रतिको आस्था र विश्वास घट्न जाने कुरामा कुनै सन्देह छैन । यही अवस्थामा हालै सर्वोच्च अदालत नियमावली, २०७४ जारी हुन आएको पाइन्छ । यो सन्दर्भलाई ध्यानमा राखेर देहायका प्रश्नहरूको जवाफ दिनुहोस् । (६+७+६+६)=२५

क) सर्वोच्च अदालतमा कार्यबोझ घटाउन नसकिनुका मुख्य कारणहरू के होलान्?

ख) सर्वोच्च अदालत नियमावली, २०७४ ले यो समस्यालाई सम्वोधन गरेको ठान्नुहुन्छ? ठान्नुहुन्छ भने यस सम्वन्धमा मुख्य व्यवस्थाहरू के के गरिएको पाउनुहुन्छ?

ग) सर्वोच्च अदालत नियमावलीमा गरिएका नयाँ व्यवस्थाहरूको कार्यान्वयन प्रभावकारी हुन सक्ला? प्रभावकारी हुने आधारहरू के रहेका छन्?

घ) सर्वोच्च अदालतमा रहेको मुद्दाको कार्यबोझ घटाउन थप के के उपायहरू अवलम्वन गर्नुपर्ने देख्नुहुन्छ?

<<<समाप्त>>>

DotN